"व्यावसायिक शिक्षा, स्वास्थ्य, कृषि, उद्यम र पूर्वाधार-ठाँटीकाँध गाउँपालिकाको समृद्धिका पाँच आधार"

ठाटीकाँध गाउँपालिकाका उपाध्यक्ष श्री देवीराम वडुवाल ज्यूले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०८१।०८२ को

# बजेट वक्तव्य

# ठाटीकाँध गाउँपालिका

लकान्द्र, दैलेख

# ठाटीकाँध गाउँपालिकाको आगामी आ व २०८१।०८२ को कार्यक्रम तथा बजेट

श्री गाउँसभाका अध्यक्ष ज्यू
गाउँसभाका सदस्य ज्यूहरु
प्रमुख प्रशासकीय  अधिकृत ज्यू लगायत कर्मचारी हरु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम ठाटीकाँध गाउँपालिकाको उपाध्यक्षको हैसियतले "व्यवसायिक शिक्षा, स्वास्थ्य, कृषि, उद्यम र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका ५ आधार" भन्ने मूल नाराकासाथ सञ्चालन हुन गईरहेको यस ठाटीकाँध गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशन अन्तर्गत प्रथम वैठकमा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस अवसरमा लोकतन्त्रको प्राप्ति तथा संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा गरिएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहीदहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु ।साथै विभिन्न समयमा जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै स्थानीय तहको दोश्रो कार्यकालको लागि सम्पन्न भएको निर्वाचन पश्चात् गठन भएको स्थानीय सरकारको दोस्रो वर्ष व्यतित भईसकेको छ ।न्यून आन्तरिक आयको कारण संघीय सरकार र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने परिस्थिति तथा सिमित श्रोत साधनहरुको उपयोग मार्फत जनताका असिमित चाहना र आवश्यकताहरुको परिपूर्ति गर्दै स्थानीय सरकारलाई जनताको नजिकको सरकारको रुपमा स्थापित गर्नु हाम्रो सामु चुनौतिको रुपमा रहेको परिप्रेक्ष्यमा विगत २ वर्षमा प्राप्त भएका अनुभवहरुको आधारमा पालिकाबासीको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक रुपान्तरण लगायत सुशासन, सेवा प्रवाह, पूर्वाधार विकास, सामाजिक समावेशीकरण, रोजगारी सिर्जना, गरिबी न्यूनिकरण,  वातावरण संरक्षण, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, दिगो विकास, विपद् जोखिम व्यवस्थापन,आन्तरिक आम्दानीमा वृद्धि, विकासका प्रतिफलहरुको समानुपातिक वितरण, विकासका लागि साझेदारी जस्ता विषयहरुलाई प्राथमिकतामा राखी विकेन्द्रीकरणको अवधारणा बमोजिम आगामी आर्थिक वर्ष २०८१।०८२ को वजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा मार्गदर्शन, २०७८ बमोजिम गाउँ कार्यपालिकाको बैठकबाट योजना तर्जुमा कार्यतालिका तय गरी सोही दिग्दर्शन बमोजिम निम्न प्रक्रिया अपनाईएको छ ।

क) आन्तरिक आयको अनुमान,

ख) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट अनुदान, राजस्व बाँडफाँड तथा रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त,

ग) श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिबाट वजेट तथा कार्यक्रमका प्राथमिकता निर्धारणका आधार तथा विधि तयार, कूल बजेट अनुमान, सीमा निर्धारण र वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गरी सवै वडाहरुमा जनसंख्या, भूगोलका आधारमा न्यायोचित रुपमा बजेट बाँडफाँड,

घ) सवै वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्वन्धी अभिमुखीकरण,

ङ) वस्ती स्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

च) वडास्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

छ) विषयगत समितिबाट योजना र कार्यक्रमहरुको विषय क्षेत्रगत वर्गीकरण र प्राथमिकीकरण,

ज) लक्षित वर्गको उत्थान तथा विकासमा जोड सहित समावेशीकरण हुने गरी बजेट तथा कार्यक्रमहरुको बाँडफाँड र प्राथमिकीकरण,

झ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकवाट वजेट तथा कार्यक्रमको प्राथमिकीकरण सहितको प्रस्ताव तयार गरी कार्यपालिका समक्ष पेश,

ञ) गाउँ कार्यपालिकाको वैठकमा बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृतिका लागि गाउँ सभामा पेश

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान (२०७२), चालु १६ औं पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु आगामी वर्षको नीति तथा कार्यक्रम, विभिन्न राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार, वुद्दिजिवीहरु तथा विकास साझेदारहरुबाट प्राप्त सुझावहरु, गाउँपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत निम्न आधारहरु लिईएको छ :

क) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने,

ग) आन्तरिक आय, राजश्व परिचालन र वृद्धिमा योगदान पुर्याउने,

घ) सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

च) लैगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्याउने,

छ) दिगो विकास, वातावरण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,

ज) जलवायू परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने,

झ) ठाटीकाँध गाउँपालिकाको पर्यटकीय श्रेत्रको विकास गर्ने,

ञ) पोषण तथा खाद्य सुरक्षामा सहयोग पुर्याउने,

ट) स्वास्थ्य सेवालाई प्रभावकारी एवम् विस्तारित वनाउने,

ठ) शिक्षालाई प्राविधिक एवम् व्यवहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउने,

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष ०८०।०८१ को हालसम्मको बजेट तथा कार्यक्रमको संक्षिप्त समीक्षा तथा हालसम्मका प्रमुख उपलव्धिहरुको संक्षिप्त विवरण प्रस्तु गर्ने अनुमति चाहन्छु।

१. ठाटीकाँध गाउँपालिकाको चालु आ.व. मा विषयगत निकाय बाहेक विनियोजन गरिएको कुल अनुमानित वजेट रु ३९ करोड ७१ लाख १९ हजार ८ सय १ रुपयाँ मध्ये हाल रु २९ करोड ५५ लाख ४ हजार ८ सय ९९ रुपयाँ ६४ पैसा कुल आम्दानी भएको छ।

२. उल्लेखित रकम मध्ये हालसम्म यस गाउँपालिकाको खातामा चालु तर्फ रु १६ करोड ४५ लाख ३५ हजार ५ सय रुपैंया र पुँजीगत तर्फ रु ६ करोड ०८ लाख ८७ हजार १ सय ३३ रुपयाँ ट्रान्सफर भएकोमा चालु तर्फ रु १५ करोड ९२ लाख ७५ हजार ३ सय २५ रुपयाँ र पुँजीगत तर्फ ५ करोड ५५ लाख ४४ हजार ०१ सय ३५ रुपयाँ खर्च भएको छ।

३. हालसम्म यस गाउँपालिकाको चालु तर्फ ६०.३८ प्रतिशत र पुँजीगत तर्फ ४१.६५ प्रतिशत खर्च भएको छ।

४. चालु आर्थिक वर्षमा आन्तरिक आम्दानी रु ५० लाख संकलन हुने प्रक्षेपण गरिएकोमा हालसम्म रु १५ लाख संकलन गरिएको छ।

५. चालु खर्च तर्फको रकम गाउँपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धी शीर्षकमा खर्च भएको छ भने पूँजीगत खर्च तर्फको रकम पालिकास्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएको छ।

६. चालु आर्थिक बर्ष २०८०।०८१ मा हालसम्म प्राप्त प्रमुख उपलव्धीहरु देहाय अनुसार रहेका छन् :

६.१. ठाटीकाँध विजारे धनकोट काँध सडक, पुलवजार मटेला वाँहाकोट मदानताँल सडक नयाँ निर्माण तथा स्तरोन्नति र माँझ वाघवन गैरागाउँ बुकी नयाँ सडक निर्माण तथा स्तरोन्नति कार्य ठेक्का सम्झौता गरी कार्य सम्पन्न गरिएको छ।

६.२. सडक वोर्ड नेपाल र पालिपालिकाको साझेदारीमा पुलवजार राताटाकुरा ठाटीकाँध सडकको स्तरोन्नती गरिएको छ।

६.३. ठाटीकाँध गाउँपालिकाको प्रशासनिक भवनको लागि जग्गा प्राप्ति कार्यसम्पन्न भएको छ।

६.४. ठाटीकाँध गाउँपालिकाको १५ शैया अस्पतालको भवन निर्माण कार्य दोस्रो तलाको ढलान हुने अवस्थामा रहेको छ जसको भौतिक प्रगति करिव ५५ प्रतिशत रहेको छ।

६.५. ठाटीकाँध गाउँपालिका वडा नं. १ मा रहेको भलायाताडा चिनाड जोड्ने झोलुंगे पुल निर्माण सम्पन्न भएको छ।

६.६. विपद् जोखिम न्यूनीकरणका लागि विभिन्न नीतिगत तथा कानूनी दस्तावेजहरु तर्जुमा गरी लागु गरिएको छ।

६.७. विभिन्न विकास साझेदारहरुसँग लागत साझेदारीका लागि प्रयास गरी गैरसरकारी संस्थाहरुलाई गा पा मा कार्यक्रम सञ्चालन गर्नका लागि उत्प्रेरित गरिएको छ।

६.८. दैलेख जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस ठाटीकाँध गाउँपालिकाको आयोजनामा सम्पन्न भएको छ जसबाट पालिकाको गौरव अभिबृद्धि भएको छ ।

६.९. ईकास नेपाल नामक गैर सरकारी संस्थाको प्राविधिक सहयोग र यस पालिकाको लगानीमा कृषि क्षेत्रको व्यावसायीकरण तथा आधुनिकीकरणका लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन समेत प्राप्त भएको छ।

६.१०. युएसएड/कर्णाली जल परियोजनाको प्राविधिक तथा आर्थिक सहयोगमा यस गाउँपालिकाको जलउपयोग गुरुयोजना २०८० तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको छ।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्षमा हालसम्म प्राप्त क्षेत्रगत उपलव्धिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## ७. आर्थिक विकास क्षेत्र तर्फ :

### ७.१. कृषि विकास तर्फ

७.१.१. मागमा आधारित तरकारी बिउ तथा मिनिकेट सामाग्री वितरण कार्यक्रम संचालन गर्दा ठाटीकाँध गाउँपालिकाका ६ वटै वडाका कृषकहरु लाभान्वित भएका छन्।

७.१.२. ठीटीकाँध गाउँपालिकाको ६ वटै वडामा कृषि प्रसार खाद्यसुरक्षा तथा पोषण सुरक्षा कार्यक्रम संचालन गरी करिब ५०० घरधुरीहरु लाभान्वित भई पोषणमा सुधार भएको छ।

७.१.३. वडा नं. १, २ र ६ को ७ वटा कलस्टरमा १०० भन्दा बढी कृषकहरुले उन्नत जातको मकै खेती सन्चालन गरेका छन र यसले खाद्य सुरक्षामा टेवा पुर्याउने अपेक्षा गरिएको छ।

७.१.४. एकिकृत कृषि प्रयोगशाला विरेन्द्रनगर सुर्खेत को आयोजना र कृषि विकास शाखा ठाटीकाँधको सहजिकरणमा ठाटीकाँध गउँपालिकामा माटो परिक्षण कार्यक्रम संचालन गरी करिब १५० घरधुरीले सेवा पाएका छन्।

७.१.५. ठाटीकाँध गउँपालिकाका ६ वटै वडामा रैथाने बाली प्रवर्द्धन तथा संरक्षण सम्बन्धी सचेतना तालिम संचालन भई रैथाने वालीको महत्व वारे विद्यालयमा कार्यरत शिक्षक र महिला स्वास्थ्य स्वयमसेविकालाई तालिम संचालन गरिएको छ।

७.१.६. ठाटीकाँध गाउँपालिकाका ६ वटै वडाका ३०६४ भन्दा बढी कृषकहरुको घरधुरी अनलाईन इन्ट्री गरिएको छ।

## ७.२. पशुपंक्षी विकास तर्फ

७.२.१. पशुपंक्षीमा देखिने विभिन्न प्रकारका रोगको उपचारका लागि नियमित रुपमा औषधि खरिद गरी वितरण तथा उपचार गरिएको छ।

७.२.२. ठाटीकाँध गाउँपालिका भित्र रहेका ३७ वटा फर्म र कृषक समूहहरूको दर्ता तथा नवीकरण भई सोही समूह मार्फत विभिन्न आय आर्जनका क्रियाकलाप सञ्चालन भई रहेका छन्।

७.२.३. नेपाल सरकारको भेडा वख्रामा महामारीकोरुपमा फैलिने पि.पि.आर रोग उन्मुलन अभियान अन्तरगत यस ठाटीकाँध गाउँपालिका पशुपंक्षी शाखाको प्राविधिक सहयोगमा १५००० भेडा बाख्रामा पि.पि.आ.र रोग विरुद्धको खोप संचालन गरियो।

## ७.३. उद्यम विकास तर्फ

७.३.१. सामाजिक परिचालनको क्षेत्र अन्तर्गत उद्योग विकास शाखाको आयोजनामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम )Micro Enterprise Development Program for Poverty Alleviation (MED-PA) को कार्यक्रम कार्यन्वयन चरणहरुका वारेमा सरोकारवाला निकायहरु लाई जानकारी,शाखाद्धारा प्रदान हुने सेवा प्रवाहका वारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न हुनुका साथै,वस्ती स्तरमा सहभागितात्मक ग्रामिण लेखाजोखा,घरधुरी सर्वेक्षण,श्रोत सर्वेक्षण लगायतका कार्य मार्फत सम्भाब्य नयाँ लघु उद्यमी सिर्जनाका लागि लक्षित वर्ग छनौट कार्य सम्पन्न भएको छ।

७.३.२. घरधुरी सर्वेक्षण र श्रोत सर्वेक्षण वाट छनोट भएका सम्भाब्य ३४ जना उद्यमीहरुका विचमा उद्यभशिलता विकास तालिम व्यवसाय सचेतना शुरु लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्यक्रम सम्पन्न भएको छ।

७.३.३. ३४ जना नयाँ लघु उद्यमीहरुका विचमा प्राविधिक सीप विकास तालिम तथा तालिम प्राप्त उद्यमीहरु लाई ब्यवसाय संचालनका लागि प्रविधि सहयोग कार्य सम्पन्न हुनुका साथै यस पालिकाका सवै वडाका उद्योग र वाणिज्य तर्फका ब्यवसायको दर्ता,नवीकरण,नामसारी,ठाउँसारी,पूँजी वृद्धि,ब्यवसाय खारेजी लगायतका कार्य नियमित रुपमा संचालनमा आउनुका साथै लैंगिक समानता तथा सामाजिक समावेशिकरण सूचना ब्यवस्थापन प्रणालीमा उद्यमीहरुको तथ्यांक प्रविष्ट गर्ने कार्य संचालनमा रहेको।

७.३.४. ब्यवसाय सुधार तथा विस्तार गर्न चाहाने २३ जना पूराना उद्यमीहरु लाई एडभान्स तालिम प्रदान गर्नुका साथै ४२ जना रुग्न उद्यमीहरु लाई उनीहरुको ब्यवसायिक समस्या पहिचान गरी ब्यवसायको प्रकृति अनुसारको उपयुक्त प्रविधि प्रदान गर्नुका साथै ब्यवसायिक योजना निर्माण र परामर्श प्रदान गर्ने कार्य सम्पन भयो।

७.३.५. वस्तु र सेवा वजारीकरण तथा सामूहिक रुपमा ब्यवसाय संचालन गर्ने कार्यक्रम अन्तर्गत निशुल्क जग्गा ब्यवस्थापन कार्य सहजीकरण गरी श्री जौंचउर मगर कला केन्द्र लाई दिगो, ब्यवस्थित र

सामूहिक रुपमा ब्यवसाय संचालन गरी सेवा प्रवाह मार्फत आयआर्जन गर्ने हेतुका साथ विजारेचौरमा समूहको लागत साझेदारीमा साझा सुविधा केन्द्र भवन निमार्ण कार्य सम्पन्न भई संचालनका आएको।

## ७.४. रोजगार सेवा केन्द्र तर्फ :

७.४.१. आगामी आर्थिक बर्षका लागि २९६० जना बेरोजगार व्यक्तिहरुको विवरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS System) मा सुचिकृतका लागि प्रविष्टी गरिएको छ।

७.४.२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आ व मा ६ वटा वडाहरुमा भौतिक पुर्वाधार निर्माण सम्वन्धी योजनाहरु संचालन गरी १०१ जना बेरोजगार व्यक्तिहरुका लागी अल्पकालिन रोजगारी सिर्जना गरिएको छ भने यसै गरी मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत सवै वडाहरुमा ६ वटा भौतिक पुर्वाधारजन्य योजनाहरु संचालन भई ८२ जना बेरोजगार व्यक्तिहरुलाई अल्पकालीन रोजगारी सिर्जना हुनुको साथै सामुदायिक पुर्वाधारजन्य विकासमा टेवा पुगेको छ।

७.४.३. रोजगारीका लागि अवसरहरुको पहिचान समस्याहरुको समाधान र रोजगारी सिर्जनाका विधिहरुको विकास गर्न तथा रोजगार सम्वन्धी विषयमा आवश्यक सुझाव दिन रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०८० तयार गरी स्वीकृत गरिएको छ जसले गर्दा कार्य सम्पादनमा थप सहजता एवं प्रभावकारीता आउने छ।

# ८. <u>सामाजिक विकास क्षेत्र तर्फ :</u>

## ८.१. आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा तर्फ

८.१.१. छ वटै वडा अन्तरगतका सबै स्वास्थ्य संस्थाहरूमा कार्यारत सम्पुर्ण स्वास्थ्यकर्मीहरू र सम्पुर्ण ५१ जना महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरूलाइ २ दिने जन्म पुर्वको तयारी तथा प्रेषण व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्दी तालिम सम्पन्न गरिएको छ।

८.१.२. पालिका स्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका दिवस र वडा स्वास्थ्य संस्था स्तरमा स्तनपान सप्ताह कार्यक्रम सम्पन्न गरिएको छ।

८.१.३. संस्थागत सुत्केरी यातायात खर्च र गर्भवती उत्प्रेरणा बापतको खर्च रकम सुत्केरी पश्चात तत्कालै नियमित वितरण गरिरहेको।

८.१.४. स्वास्थ्य संस्थाहरूबाट नियमित तथा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका र साझेदार संघ संस्थाहरूको सहयोगमा ५ बर्ष मुनिका सम्पुर्ण बालबालिकाहरूको नियमित पोषण अवस्था मुल्याङ्कन गरी अतिशिघ्र कुपोषित बालबालिकाहरूलाई प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रमा रहेको ओ.टी.सि .मार्फत नियमित उपचार तथा पोषण परामर्श सेवा प्रभावकारी रूपमा संचालनमा रहेको छ।

८.१.५. आधारभूत स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थाहरूबाट निशुल्क वितरणका लागि औषधी खरिद तथा वितरण कार्य नियमित भैरहेको छ।

८.१.६. पालिकामा हाल संचालनमा रहेका ८ वटै स्वास्थ्य संस्थाहरूमा कार्यारत स्वास्थ्यकर्मिहरूलाई स्वास्थ्य संस्था स्तरमा अनसाइट कोचिङ्ग सम्पन्न गरिएको छ।

८.१.७. कार्तिक र बैशाखमा गरी दुई चरण राष्ट्रिय भिटामिन ए र जुकाको औषधी वितरण तथा प्रतिवेदन सम्पन्न गरिएको छ र यसबाट सत प्रतिशत प्रगति हासिल भएको छ।

८.१.८. यस बर्ष टाइफाइड रोग विरूद्धको ,दादुरा रूबेला रोग विरूद्धको र पोलियो रोग विरूद्धको खोप अभियानहरू सफलतापुर्वक सम्पन्न गरिएको छ।

८.१.९. सबै ६ वटै वडाहरूमा रहेका सम्पुर्ण गर्भवतिहरूलाई निशुल्क भिडियो एक्स रे घुम्ति शिबिरबाट र लकान्द्र प्रथमिक स्वास्थ्य केन्द्रमा नियमित सेवा प्रदान गरिएको छ।

८.१.१०. प्रजनन रूग्णता अन्तर्गत पाठेघरको मुखको क्यान्सर ,स्तन क्यान्सर र पाठेघर खसेको सम्बन्धि घुम्ति शिबिर मार्फत सेवा प्ररदान गरिएको छ।

८.१.११. लामो अवधिको परिवार नियोजनको) आ.यू.सि.डि र इम्पलान्ट (सेवा लिन चाहनेका लागि वडा नं .२ ,३ ,४ र ६ मा घुम्ति शिबिर संचालन गरिएको छ।

८.१.१२. क्षयरोग तथा कुष्ठरोगको कार्यक्रम सम्बन्धमा स्वास्थ्यकर्मिहरूलाइ पालिका स्तरमा अभिमुखिकरण र चौमासिक समिक्षा गोष्ठि सम्पन्न गरिएको छ।

८.१.१३. पालिका अन्तरगर्तका ६ वटै स्वास्थ्य संस्थाहरूबाट नियमित खोप सेवा संचालन गरिरहेको र लक्षित बालबालिकाहरूले पुर्ण खोप पाए वा नपाएको सम्बन्धमा घरधुरी सर्वेक्षण गरी छुट बालबालिकाहरूलाइ खोप पुरा गरी वडा खोप समन्वय समितिबाट वडा स्तरमा प्रमाणिकरण तथा दिगोपनाको लागि योजना सम्पन्न गरिएको र यस बर्ष पनि ठाटिकाँध गाउँपालिका पुर्ण खोप पालिका घोषणा सम्पन्न गरिएको छ।

८.१.१४.गाउँपालिकाको चालु आ३ र ४ मा स्थानीय स्वास्थ्य .को विनियोजित बजेटबाट वडा नं.ब. सम्पन्न गरिएको छ।

## ८.२. आयुर्वेद सेवा तर्फ

८.२.१. ठाटीकाँध गाउँपालिका भित्रका ६ वटै वडाका सेवाग्राहीहरुलाई ग्याष्ट्रिक,ज्वरो,रुघाखोकी,उच्च रक्तचाप,पखाला,पाइल्स,कब्जियत,दम,मधुमेह,कुपोषण,वाथरोग,महिनावारी गडवडी जस्ता दीर्घकालीन रोगहरुको लागि आयुर्वेदिक औषधी खरिद गरी महिला ७५८ र पुरुष ५९३ गरी जम्मा १३५१ जनालाई निशुल्क औषधी वितरण गरिएको छ।

८.२.२. ठाटीकाँध गाउँपालिकामा पूर्व कर्म तथा पञ्चकर्म सम्बन्धी निशुल्क सेवा नियमित रुपमा संचालन गरिएको छ।

८.२.३. स्तनपाई आमालाई दुध वर्द्धक औषधीहरु निशुल्क वितरण गरिएको छ ।

८.२.४. वृद्ध,वृद्धाहरुलाई रोग प्रतिरक्षा प्रणाली बढाउनको लागि निशुल्क औषधी वितरण गरिएको छ ।

## ८.३. सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ

८.३.१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ४ हजार २ सय ६५ जना लाभग्राहीहरुलाई रु ६ करोड १० लाख ९३ हजार वितरण गरिएको छ ।

८.३.२. आ.व. 2080/81 मा पहिलो,दोस्रो र तेस्रो त्रैमासिक भत्ता रकम ३,४ र ५ नं. का वडाहरुमा अपांग र ज्येष्ठ नागरिक भत्ता रकम घुम्ती सेवा मार्फत वितरण गरियो।

८.३.३. आ.व. २०८०।०८१ को दोस्रो त्रैमासिकबाट **EFT** (विद्युतीय माध्यम) प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता रकम लाभग्राहीको खातामा भुक्तानी गरी वितरण गरिएको छ।

## ८.४. बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ

८.४.१. वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक वडा नं १६ सम्म नै संचालन - गरिएको छ ।

८.४.२. वडा नं ४ का दलित तथा विपन्न सुनौला हजार दिनका जम्मा ७० जना आमाहरुलाई अण्डा वितरण कार्यक्रम सम्पन्न गरियो ।

८.४.३. पालिका भित्रको बहुक्षेत्रीय पोषण कार्यक्रको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।

## ८.५. शिक्षा युवा तथा खेलकुद तर्फ

८.५.१. यस आर्थिक वर्षमा पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र १० वटै पालिका सहभागी भई जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।

८.५.२. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत माध्यमिक विद्यालयमा १ वटा विज्ञान प्रयोगशला स्थापना भएको छ ।

८.५.३. श्री कृष्ण आधारभुत विद्यालय ठाटीकाँध ३, माझखर्कमा रु ५० लाखको सामाजिक विकास मन्त्रालयको लगानीमा ४ कोठे विद्यालय भवन निर्माण भईरहेको छ ।

८.५.४. पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर परिक्षण केन्द्र र शिक्षा शाखाले संयुक्त रुपमा अनुगमन गरि ६ वटै सामुदायिक माध्यामिक विद्यालयहरुको कार्यसम्पादन परीक्षण गरिएको छ।

८.५.५. छात्रा दलित र गैर दलित २२६६ र दलित छात्र ८२० गरी जम्मा ३०८६ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ ।

८.५.६. प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका ३७५७ जना विद्यार्थीहरूले विद्यालय सञ्चालन भएका दिनमा नियमित रूपमा दिवा खाजा खान पाएका छन् ।

८.५.७. कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई नियमित स्यानिटरी प्याड वितरण भइरहेको छ ।

८.५.८. यस पालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधिकरण तालिम, सुचना प्रविधि, EMIS तथा अभिलेख व्यवस्थापन सम्बम्धी तालिम संचालन गरिएको छ।

८.५.९. कक्षा १३ मा अध्ययनरत बालबा-लिकाकाहरुकालागि पढाई तथा गणित क्षेत्रका थपसिकाई सामग्री छपाई तथा वितरण गरिएको छ।

८.५.१०. कोभिड१९ को शैक्षिक क्षेतीको परिपुरणका लागि थप सिकाई सामग्री छपाई तथा वितरण - गरिएको छ।

८.५.११. शुन्य दरबन्दी भएका विध्यालयलाई एकमुष्ठ अनुदान अन्तर्गत श्री सरस्वती आ .बजाया लाई रु .वि. १० लाख एकमुष्ठ अनुदान वितरण गरिएको छ।

८.५.१२. विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगका लागि रोष्टर विज्ञ सहितको सहभागितामा विद्यालयको सघन सुपरिवेक्षण तथा शिक्षकहरुको पेशागत सहयोगका लागि पृष्ठपोषण दिइएको छ।

८.५.१३. आधारभूत तह उत्तीर्ण परीक्षा २०८० मा ४०३ जना विद्यार्थीहरू सहभागी भएका छन। वार्षिक शैक्षिक क्यालेण्डर अनुसार नियमित प्रअ बैठक संचालन गरी शिक्षा सम्वन्धी महत्त्वपूर्ण विषयमा छलफल र निर्णय भइरहेको छ।

८.५.१४. स्थानीय पाठ्यक्रम निर्माणका लागि कार्यदल र मस्यौदा समिति निर्माण गरि पाठ्यक्रम निर्माण कार्य अगाडी बढीरहेको छ।

८.५.१५. यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त दरबन्दीमा पदपूर्तिका लागि परीक्षा संचालन तथा स्थायी नियूक्तिका लागि सिफारिस भई आएका शिक्षकहरुको विद्यालयमा पदस्थापन गरिएको छ।

८.५.१६. विभिन्न संघ संस्थाहरुसँगको साझेदारीमा पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा धारा निर्माण,शैक्षिक सामाग्री वितरण, शिक्षकहरुको क्षमता विकास तालिम तथा बुक कर्नर निर्माण कार्य भएको छ।

८.५.१७. अपाङ्गताको प्रारम्भिक पहिचान सम्बन्धी ४३ वटा शैक्षिक संस्थाका प्रधानाध्यापक तथा शिक्षकहरुका लागि २ दिने तालिम संचालन गरी बालविकास देखि कक्षा ३ सम्मका बालबालिकाहरुको स्थलगत प्रारम्भिक पहिचान (Early Screening) कार्य सम्पन्न गरिएको छ।

## ८.६. लैगिंक समानता तथा सामाजिक समावेशीकरण तर्फः

८.६.१. समतामय समुन्नत समाज निर्माणका लागि ठाटीकाँध गाउँपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु लैगिंकमैत्री दृष्टिकोणबाट संचालन भए नभएको लेखाजोखा गर्नको लागि लैगिंक उत्तरदायी बजेट विश्लेषणको परिपाटी सुरु भई कमजोर पक्ष सुधारको लागी कार्ययोजना समेत तयार गरिएको छ।

८.६.२. विगतको लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिदैं कार्ययोजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्दै लगिएको छ।

८.६.३. गर्भवती तथा प्रसूति महिलाहरुलाई निशूल्क एम्वुलेन्स सेवा उपलव्ध गराउने कार्य नियमित भईरहेको छ ।

८.६.४. ठाटीकाँध गाउँपालिकाका विभिन्न माध्यमिक विद्यालयहरुमा विद्यालय स्तरीय बाल क्लबहरु गठन गरिएको छ।

८.६.५. अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता सम्बन्धी परिचय पत्र वितरण कार्यविधी बमोजिम अपाङ्गगता व्यक्तिहरुको अपांगता परिचय पत्र प्राप्त प्रदान गरिएको छ ।

८.६.६. मानसिक स्वास्थ्य तथा स्वावलम्बन समूहहरुको परिचालन तथा व्यवस्थापन मार्फत विभिन्न मनोसामाजिक अपांगता भएका व्यक्तिहरुले राज्यद्धारा प्रदान गरिने सेवा सुविधामा सहभागी हुने गरेको छन्।

८.६.७. महिला विकासद्धारा प्रबर्द्धित महिला सहकारीहरुलाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारमूलक बनाउनका लागि बहूक्षेत्रीय पोषण कार्यक्रममार्फत महिलाहरुलाई बिउपूँजी अनुदान प्रदान गरिएको छ।

८.६.८. कर्मचारी तथा जनप्रतिनिधीहरुलाई महिला अधिकार तथा दिगो विकास लक्ष्यहरुको स्थानीयकरण सम्बन्धी अभिमूखिकरण कार्यक्रम मार्फत क्षमता अभिबृद्धि भएको छ ।

८.६.९. हालसम्म ४५५ जना अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ।

८.६.१०. कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको कार्यक्रम अन्तर्गत यस आ.व को हाल सम्म १०७ जना छोरीको खाता खोलिएको छ ।

८.६.११. अन्तराष्ट्रिय महिला दिवस, ज्येष्ठ नागरिक सम्मान दिवस, अन्तराष्ट्रिय अपाङ्गता दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता विविध दिवसीय कार्यक्रम मार्फत विभिन्न जनचेतनामूलक अभियान संचालन , न्यानो कपडा वितरण, शैक्षिक सामाग्री वितरण, हिंसा पिडित प्रभावित महिला बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान कार्यक्रम संचालन गरी कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन् ।

## ९. पूर्वाधार विकास क्षेत्र तर्फ :

९.१. संघीय सरकार र कर्णाली प्रदेश सरकारको समपुरक अनुदानबाट गाउँपालिकाको समेत साझेदारीमा ठाटीकाँध विजारे धनकोट काँध सडक, पुलवजार मटेला वाँहाकोट मदानताँल सडक नयाँ निर्माण तथा स्तरीन्ति र माँझ वाघवन गैरागाउँ बुकी नयाँ सडक निर्माण तथा स्तरोन्नति कार्य ठेक्का सम्झौता गरि कार्य सम्पन्न गरिएको छ ।

९.२. कर्णाली प्रदेश सरकारको सशर्त अनुदानबाट ठाटीकाँध गाउँपालिका वडा नं. २ को वडा कार्यालयको भवन र दशरथ मा वि को ४ कोठे भवन निर्माणाधीन चरणमा छ ।

९.३. गाउँपालिका भित्रका २९० जना अव्यवस्थित वसोवासी ११ जना भूमीहिन दलित र २ जना भूमीहिन सुकुम्वासी गरी जम्मा ३०३ जनालाई निजहरुले हाल प्रयोग गरिरहेको जग्गाको अस्थायी निस्सा समेत वितरण गरिसकिएको छ।

९.४. गाउँपालिका क्षेत्रमा रहेका करीब ११५ कि मी भन्दा बढी पालिका स्तरीय र वडा स्तरीय सडकहरु मर्मत सुधार र स्तरोन्नतिका कार्य गरी यातायातलाई सहज बनाईएको छ।

९.५. ठाटीकाँध गाउँपालिकाको वडा नं. १, ५ र ६ को वडा केन्द्र सम्म र केहि वस्तीहरुमा विद्यूतीकरण कार्य सम्पन्न भएको छ।चालु आ ब मा नेपाल विद्यूत प्राधिकरणसँगको लागत साझेदारीमा ठाटीकाँध गाउँपालिकाको विद्यूतीकरण कम भएका वडाहरुमा प्राथमिकता सहित विद्यूत पोल तथा तार जडान कार्य द्रुतगतिमा अगाडि बढिरहेको छ।

९.६. चालु आ ब मा यस गाउँपालिकाको मुख्य बजार केन्द्रमा ७०० मिटर पक्कि नाला सहितको सडक ग्राभेल गर्ने कार्य सम्पन्न भएको छ।

९.७. नेपाल सरकार र कर्णाली प्रदेश सरकार बाट प्राप्त विशेष अनुदान तर्फ इल्चि तल्लो भेरीपातल ज्यामीचौर धामीगाउँ डाँग्रा खानेपानी योजनाको खरिद सम्झौता सम्पन्न भएको र चुली आ वि को ४ कोठे भवन निर्माणाधीन अवस्थामा छ।

१०. **बन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ :**

१०.१. विपद् ब्यवस्थापन सम्वन्धी निति ऐन नियम र कार्यविधि निर्माण गरिनुका साथै जोखिम सम्वेदनशिल भू उपयोग योजना निर्माण भै लागु गरिएको छ।

१०.२. गाउँपालिकामा भवन निर्माण सहिंता निर्माण गरि लागू गरिएको छ।

१०.३. यसपालिका भित्रका विपद जोखिम बाट प्रभावित १४५ जनालाई त्रिपाल वितरण गरिएको छ।

१०.४. विपद् ब्यवस्थापन समितिको पुनर्गठन र अभिमुखीकरण तथा आपतकालीन सामानहरु सवै वडाहरुमा वितरण गरिएको।

१०.५. विभिन्न खाले प्रकोप पीडित ५४ जनालाई राहत मापदण्ड अनुसार रु ६ लाख ९५ हजार राहत रकम पीडितहरुको वैंक खाता मार्फत वितरण गरिएको छ भने अन्य १ जनालाई किरीया खर्च वापत् रु २५ हजार वितरण गरिएको छ।

१०.६. विभिन्न समुदायका सामुदायिक वन उपभोक्ता समितिहरुलाई पालिकामा दर्ता प्रक्रियामा ल्याउन परामर्श प्रारम्भ गरिएको छ।

१०.७. वडा न १ देखि ६सम्म विपद् सम्वन्धी रोकथामको विभिन योजनाहरु संचालनमा रहेका छन्।

१०.८. विपद् पोर्टल निर्माण गरी प्रयोगमा ल्याउनुको साथै विपद् जोखीम न्यूनीकरण रणनैतिक योजना निर्माण गरी कार्यान्वयनको चरणमा रहेको छ।

१०.९. विपद् जोखिम पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुका साथै विपद् सम्वन्धी विषय समेटेर स्थानीय पाठ्यक्रम निर्माणको थालनी भएको छ।

१०.१०. भकारी परियोजनावाट राहत र खोज तथा उद्धार सामानको सहयोग प्राप्त भएको छ।

१०.११. विपद् सम्वन्धी खोज तथा उद्धार र राहतका सामानहरु भण्डारण गरी राखिएको छ।

१०.१२. यस पालिकाको वडा न ३ र ४ मा परेको अविरल असिनापानीले ५२० जना कृषकहरुको धानबाली पुर्ण क्षति भएकोले प्रति कृषक राहतस्वरुप रु २२५० को १ वोरा चामल वितरण गरिएको छ ।

## ११. सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ :

११.१. यस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा जम्मा स्वीकृत स्थायी दरवन्दी ६५ रहेकोमा ४१ वटा स्थायी पदपूर्ति भएको छ भने २४ स्थायी दरबन्दी हालसम्म रिक्त रहेका छन् । पदपूर्ति भएका मध्ये हालसम्म ७८ जना कर्मचारी स्थानीय तह र संघीय सरकारको कार्यक्रम अनुसार करार सेवामा कार्यरत रहेका छन् ।

११.२. नेपालको संविधान र प्रचलित कानूनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन मार्फत नागरिकको नजिकको सरकारको रुपमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन १४ वटा ऐन ४ वटा नियमावली, २२ वटा कार्यविधि २ वटा निर्देशिका र १ वटा मापदण्ड गरी हालसम्म सवै गरी जम्मा ४७ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

११.३. चालु आर्थिक वर्षको हालसम्म गाउँ कार्यपालिकाको वैठक संख्या १४, श्रोत अनुमान तथा वजेत सीमा निर्धारण समितिको वैठक संख्या २, न्यायिक समितिको वैठक संख्या 12, राजस्व परामर्श समितिको वैठक संख्या २, वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक संख्या १, कार्यपालिका अन्तर्गतका विभिन्न विषयगत समितिहरु, आर्थिक विकास समितिको वैठक संख्या १, सामाजिक विकास समितिको वैठक संख्या 1, पूर्वाधार विकास समितिको वैठक संख्या 1, बन, वातावरण तथा विपद व्यवस्थापन समितिको वैठक संख्या 1,सुशासन तथा संस्थागत विकास समितिको वैठक संख्या 1, गाउँ सभा अन्तरगतका विधायन समितिको वैठक संख्या १, सुशासन समितिको वैठक संख्या 1 तथा  अन्य विभिन्न प्रकारका समन्वय वैठकहरु सम्पन्न गरिएको छ ।

११.४. चालु आ.वमा यस पालिकाको न्यायिक समितिमा जम्मा दर्ता भएका ६ वटा मुद्दाहरु मध्ये ५ वटा मेलमिलापमा आईसकेका बाँकी १ वटा मेलमिलाप हुन बाँकी रहेका ।

११.५. चालु आर्थिक वर्षमा २५ वटा व्यवसाय दर्ता र १९ वटा व्यवसायहरु नवीकरण भएका छन।जसवाट आन्तरिक आम्दानीमा टेवा पुगेको छ।

११.६. नागरिक सहायता कक्षको स्थापना गरी सेवा प्रवाहमा सहजता ल्याईएको छ ।

११.७. कर्मचारीहरुलाई खाजा खाने समय तोकी लागू गरिनुका साथै नियमित रुपमा कर्मचारीहरुको मासिक र आकस्मिक कर्मचारी वैठकहरु वस्ने गरिएको छ ।

११.८. ठाटीकाँध गाउँपालिकाको राजश्वको दायरा बढाई राजश्व क्षेत्र व्यापक बनाउन ठाँटीकाँध गाउँपालिकाको सम्पत्तिकर तथा भूमीकर व्यवस्थापन कार्यविधि २०८०, ठाटीकाँध गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि २०८० र ठाटीकाँध गाउँपालिकाको घर बहाल

कर व्यवस्थापन कार्यविधि २०८० निर्माण गरी २०८० श्रावण १ गते देखि लागु हुनेगरी स्वीकृत गरिएको छ ।

११.९. आर्थिक वर्षको पहिलो चौमासिकमा सम्पत्ति कर बुझाउने करदातालाई १० प्रतिशत छुट अपाङ्गलाई ५० प्रतिशत एकल महिलालाई ५० प्रतिशत अन्य महिलालाई २५ प्रतिशत छुट दिई कर संकलन गर्ने गरिएको छ।

११.१०. गाउँपालिका स्तरमा सार्वजनिक सम्पत्तिको व्यवस्थित लेखाङ्कन र प्रतिवेदन गर्न चालु आर्थिक वर्षमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को पूर्णरुपमा लागु गरिएको छ ।

११.११. ठाटीकाँध गाउँपालिकाले गत आर्थिक वर्षको असारमा चालु आर्थिक वर्षमा लिइएको नीतिमा आर्थिक प्रशासनतर्फ खर्च लेखाङकन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयद्धारा निर्मित स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) को पूर्णरुपमा कार्यान्वयन गरिएको छ ।

११.१२. चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न तथा सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्ने हेतुले EFT (Electronic Fund Transfer) System लागु गरिएको

**११.१३.** शून्य बेरूजु नीति अन्तर्गत गाउँपालिकाले आफ्नै आन्तरिक लेखापरीक्षकबाट नियमित चौमासिक रुपमा आलेप गर्ने गरेको छ भने अन्तिममा समग्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन जारी गर्ने गरिएको छ साथै गत आवको महालेखाको डोर समक्ष रु 50 करोड 74 लाख 41 हजारको श्रेष्ता लेखा परिक्षणका लागि पेश गरेकोमा रु 2 करोड 24 लाख 18 हजार रकमको वेरुजु कायम भएको छ ।

११.१४. गाउँपालिकाको कानुन बमोजिम कन्टिजेन्सी, संघ र प्रदेश कानुनले तोकेको कार्यक्रम बाहेक अन्य कार्यक्रमको हकमा 4 प्रतिशत,कट्टी गरी सम्बन्धित कोषलाई SuTRA System बाट लेखाङकन गरिएको छ।

११.१५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA मा ५० अंक र FRA मा ५२.२ प्रतिशत अंक प्रप्त गरिएको छ।

११.१६. विपद सूचना ब्यवस्थापन प्रणाली को लागि एक छुट्टै विपद सूचना ब्यवस्थापन BIPAD Portal को विकास गरि संचालनमा रहेको छ ।

**सभाध्यक्ष महोदय**

अव म चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा सामना गर्नु परेका कठिनाईहरु देहाय अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) भौतिक पूर्वाधारका योजना निर्माण गर्दा उपभोक्ता समितिसँग ढिलो सम्झौता हुनु र कार्यक्रम सम्पन्न गरी आ.व.को अन्तिम समयमा मात्र भुक्तानीका पेश गर्नु ।

ख) विकास निर्माणमा जनसहभागिता अभिबृद्धि गर्न कठिनाई उत्पन्न हुनु ।

ग) संघ र प्रदेशबाट प्राप्त बजेट कार्यक्रमहरुमा विनियोजित बजेट अप्रयाप्त हुदाँ गाउँपालिकालाई थप भार परेको ।

घ) वाल विकास कर्मचारी, विद्यालय कर्मचारी तथा शैक्षिक गुणस्तर शिर्षकबाट नियुक्त गरिएका शिक्षकहरु लगायतको तलब भत्ता वित्तीय समानीकरण अनुदानबाट खर्च गर्न नमिल्ने र गाउँपालिकाको आन्तरिक आम्दानी न्यून भएको कारण समस्या उत्पन्न भएको ।

ङ) पूर्व सम्भाव्यता र लागत लाभ विश्लेषण विना योजना छनौट गरी कार्यान्वयन गर्नाले अपेक्षित उपलब्धि हासिल हुन नसक्नु ।

च) टुक्रे योजना हुने भएकाले गुणस्तरीयता कायम गर्न र योजनाको सम्पूर्ण कार्य पुरा गर्न कठिन हुनु।

छ) समयमै खरिद सम्झौता नगर्नु, सम्झौता अनुसार काम नहुनु, समयमै अनुगमन मुल्यांकन नगरिनु, अनुगमनका क्रममा दिईएका सुझावहरु उपभोक्ता र निर्माण व्यावसायीले पालना नगर्नु आदि कारणबाट समयै योजना सम्पन्न गर्न ढिलाई हुनु ।

ज) दक्ष कामदारको अभाब हुनु ।

झ) विगत वर्षहरुमा गरिएका अधुरा कामहरुको जिम्मेवारी लिनुपर्ने अवस्था हुनु ।

ञ) गाउँपालिकाको प्रशासनिक कार्य सम्पादन गर्न आफ्नै भवन र वडा कार्यालय लगायतका भौतिक संरचना हालसम्म तयार नहुँनाले गुणस्तरीय,प्रभावकारी,मितव्ययी र एकीकृत सेवा प्रवाहमा कठिनाई हुनु ।

ट) सरकारी भवन लगायतका संरचना निर्माण गर्दा पहिले सम्बन्धित संस्थाको नाममा जग्गा प्राप्त गरेर मात्र बजेट विनियोजन गर्नु तथा योजना कार्यान्वयन गर्नुपर्नेमा जग्गा नै प्राप्त नगरी व्यक्तिगत जग्गामा भवन लगायतका सरंरचना निर्माण गर्ने कार्य भएबाट भुक्तानी प्रकृयामा कानूनी जटिलता उत्पन्न हुन जानु ।

**सभाध्यक्ष महोदय**

अब म अगामी आर्थिक वर्ष २०८१।०८२ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।वजेटका उद्देश्य निम्नानुसार प्रस्तुत गरेको छु ।

क) आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रगत योजनाको निर्माण कार्यमा नागरिकहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गर्ने गरी अन्तर सम्वन्धित गराई दिगो विकासको अवधारणा अनुसारका संरचनाहरु निर्माण गर्ने ,

ख) नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य उपलव्धी हासिल गर्न संस्थागत विकास लगायत जनशक्ति विकास र क्षमता विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

ग) व्यवसायिक कृषि खेती र पशुपालन गर्न कृषकहरुलाई प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रमहरुको निर्माण गरी आयात प्रतिस्थापन र निर्यात व्यवस्थापन कार्यमा जोड दिने,

घ) गाउँपालिका क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास, प्रबर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने,

ङ) लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तिकरण गरी समावेशी एवं समन्यायिक विकासको माध्यमवाट रोजगारीको अवसर श्रृजना गर्ने,

च) नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको साझेदारीमा गाउँपालिकाका ठूला पूर्वाधार विकासमा जोड दिने,

छ) सार्वजनिक श्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नविन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

बजेट तथा कार्यक्रमका माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नको लागि देहाय अनुसारका प्राथमिकताहरु प्रस्तुत गरेको छु ।

क) दिगो विकासका अवधारणा अवलम्वन गर्दै प्रयोगकर्तामैत्री पूर्वाधार निर्माण,

ख) पूर्वाधार निर्माणका लागि अन्तर सरकार तथा विकास साझेदारहरुसँग साझेदारी प्रवर्द्धन,

ग) सामाजिक चेतना, नागरिक सशक्तिकरण, सामाजिक न्याय र समावेशीकरण,

घ) सुशासन प्रवर्द्धन र गुणस्तरीय र पहुँचयोग्य सार्वजनिक सेवा,

ङ) कृषिमा आधुनिकीकरण तथा यान्त्रिकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि,

च) धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटन प्रवर्द्धन र प्रचार प्रसार,

छ) प्रविधिमैत्री, सिपमूलक, आयमूलक तथा जिवनोपयोगी शिक्षा,

ज) वातावरण संरक्षण तथा विपद, जोखिम व्यवस्थापन,

झ) स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धिका लागि स्वास्थ्य पूर्वाधार, जनशक्ति विकास र संस्थागत सुदृढीकरण,र

ञ) आन्तरिक आयमा वृद्धि,

**सम्मानित सभाका सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम र विनियोजन रकम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१२. ठाटीकाँध गाउँपालिकाको प्रशासनिक कार्यसंचालनको लागि गाउँकार्यपालिको कार्यालय तर्फ कर्मचारी तलब भत्ता, पदाधिकारी/जनप्रतिनिधि सुविधा मसलन्द तथा कार्यालय संचालन, इन्धन, बैठक भत्ता, सभा संचालन खर्च, सवारी साधन/मेशिनरी औजार मर्मत सम्भार, क्षमता विकास तालिम संचालन, अतिथि सत्कार, सुचना तथा संचार, पत्रपत्रिका, सुचना प्रकाशन तथा विज्ञापन, विभिन्न पुस्तक छपाइ तथा प्रकाशन, अनुगमन तथा मुल्याङकन खर्च, सेवा परामर्श खर्च, फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार, गाडी भाडा लगायतका अन्य चालु प्रकृतिका उल्लेखित कार्यक्रम संचालनको लागि रू. ८ करोड ७१ लाख ४४ हजार ६ सय ६७ रुपैंया विनियोजन गरेको छु ।

१३. ठाटीकाँध गाउँपालिका अन्तर्गतका विभिन्न बिषयगत शाखाको शाखा व्यवस्थापन तथा कार्यक्रम संचालनका लागि रू. ५० लाख विनियोजन गरेको छ । जस अन्तर्गत शाखाको विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिलः

| क्र.सं. | शाखाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | नागरिक आरोग्य केन्द्र | ३ लाख |
| २ | पशुपंक्षी विकास शाखा | ८ लाख |
| ३ | कृषि विकास शाखा | ८ लाख |
| ४ | आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा | ३ लाख |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा | ३ लाख |
| ६ | लैङगिक समानता तथा सामाजिक समावेशिकरण शाखा | ३ लाख |
| ७ | विपद् व्यवस्थापन शाखा | १ लाख |
| ८ | राजश्व शाखा | ३ लाख |
| ९ | पञ्जीकरण शाखा | २ लाख |
| १० | न्यायिक समिति तर्फ | १० लाख |
| ११ | सहकारी विकास तथा प्रवर्द्धन | १ लाख |
| १२ | लघु उद्यम कार्यक्रम साझेदारी | ५ लाख |

१४. जनतासँग अध्यक्ष कार्यक्रम तर्फ रू.२० लाख र जनतासँग उपाध्यक्ष कार्यक्रम तर्फ रू.१५ लाख विनियोजन गरेको छु ।उक्त कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कार्यविधि तर्जुमा गरि लागु गरिने छ ।

१५. ठाटीकाँध गाउँपालिकाको आकस्मिक विपद् व्यवस्थापन कोषको लागि रू.१५ लाख र आकस्मिक मर्मत सम्भार कोषको लागि रू.१० लाख विनियोजन गरेको छु ।

१६. स्वास्थ्य क्षेत्र तर्फ स्वास्थ्य संस्थामा नि:शुल्क वितरण गरिने (मानसिक रोग समेत) औषधी खरिदका लागि संघीय सरकार बाट रु १० लाख ९३ हजार र गाउँपालिका बाट रु. ८ लाख गरी जम्मा रकम रु १८ लाख ९३ हजार विनियोजन गरेको छु ।

१७. महिला स्वास्थ्य स्वयमसेविकाको कार्य उत्प्रेरणा र जीवनमा आईपर्ने तत्कालिन समस्या समाधान गर्न सम्बन्धित स्वास्थ्य संस्थामा कृयाशील आमा समूहहरुका लागि विउपुँजी कोषको व्यवस्था गरेको छु, जसका लागि रु ४ लाख विनियोजन गरेको छु ।

१८. ठाटीकाँध गाउँपालिकामा विद्युतिकरणको लागि विद्युत प्राधिकरणसँग साझेदारी गरी काम गर्न रु १० लाख विनियोजन गरेको छु ।

१९. ठाटीकाँध गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरु वर्षातको समयमा विग्रिन जाने र सो का कारण यातायातमा अवरोध हुने अवस्थालाई मध्यनजर गरी तत्काल पालिका केन्द्र र वडा केन्द्रका साथै

स्वास्थ्य संस्थाहरुलाई जोड्ने गाउँपालिकाका मुख्य मुख्य सडकहरु मर्मतका लागि रु ४० लाख विनियोजन गरेको छु ।

२०. ठाटीकाँध गाउँपालिकामा आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाको साझेदारीमा संचालन हुने योजना तथा कार्यक्रम कार्यान्वयनका लागि तपसिल अनुसार रु.३ करोड ८० लाख विनियोजन गरेको गरिएको छ ।

२१. तपसिलः

| क्र.सं. | साझेदारीको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | संघ सरकार/प्रदेश सरकार समपुरक अनुदान साझेदारी | २ करोड १५ लाख |
| २ | जल उपयोग गुरुयोजना कार्यान्वयन (हेल्भेटास र कवास साझेदारी | ३० लाख |
| ३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५ लाख |
| ४ | सडक वोर्ड नेपाल साझेदारी | ५ लाख |
| ५ | अन्य विभिन्न संघ संस्था साझेदारी | २० लाख |
| ६ | गाउँपालिका भवन निर्माण साझेदारी | ७५ लाख |
| ७ | सोसेक नेपाल साझेदारी | ३० लाख |

२१. ठाटीकाँध गाउँपालिका भित्रका ६ वटै वडामा न्युनतम अनुदान, जनसङख्या, भुगोलको आधारमा वडास्तरीय योजना कार्यान्वयनका लागि पुँजीगत तर्फ रू. २ करोड र कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च तर्फ प्रति वडा ६ लाखको दरले रू. ३६ लाख चालु खर्च गरी जम्मा रू. २ करोड ३६ लाख देहाय अनुसार विनियोजन गरिएको छ

तपसिलः

| क्र.सं. | वडा | विनियोजित रकम |
|---|---|---|
| १ | ठाटीकाँध गाउँपालिका वडा नं.१ | ३९ लाख ४० हजार |
| २ | ठाटीकाँध गाउँपालिका वडा नं.२ | ३७ लाख २४ हजार |
| ३ | ठाटीकाँध गाउँपालिका वडा नं.३ | ४३ लाख ३३ हजार |
| ४ | ठाटीकाँध गाउँपालिका वडा नं.४ | ४० लाख ८८ हजार |
| ५ | ठाटीकाँधक गाउँपालिका वडा नं. ५ | ३७ लाख ३५ हजार |
| ६ | ठाटीकाँध गाउँपालिका वडा नं.६ | ३७ लाख ७७ हजार |
| कुल जम्मा | | २ करोड ३६ लाख |

२२. नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई आएका शर्शत अनुदान, विशेष अनुदान र समपुरक अनुदान तर्फ निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्राप्त रू.५ करोड ९४ लाख ९३ हजार विनियोजन गरेको छु । जस मध्येका केही मुख्य–मुख्य आयोजना तथा कार्यक्रम तपसिल बमोजिम रहेको छ ।

तपसिलः

| क्र.सं. | आयोजना तथा कार्यक्रम | विनियोजित रकम | बजेट स्रोत |
|---|---|---|---|
| १ | ठाटीकाँध विजारे धनकोट काँध सडक नयाँ तथा स्तरोन्नति | १ करोड १५ लाख | समपुरक अनुदान संघ |
| २ | इल्चि तल्लो भेरिपातल ज्यामीचौर धामीगाउँ पिपलचौतारा डाग्रा खानेपानी योजना निर्माण क्रमागत | १ करोड २० | विशेष अनुदान संघ |
| 3 | मटेला वाँघवन माझा गैरागाउँ सडक स्तरोन्नति | ५० लाख | प्रदेश समपुरक अनुदान |
| 4 | सातला अधिकारीचौर स्याउले काँध सडक स्तरोन्नति | ५० लाख | प्रदेश समपुरक अनुदान |
| 5 | देउती मा वि दोस्रो तला भवन निर्माण | ५० लाख | प्रदेश विशेष अनुदान |
| ६ | सरस्वती आधारभुत विद्यालय ४ कोठे भवन निर्माण ठाटीकाँध गाउँपालिका वडा नं. ३ | ४५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ७ | च्गता तटवन्धन निर्माण ठाटीकाँध गाउँपालिका वडा नं. ५ | ५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ८ | शेरिपाटा उनीकोट जौं चौर मोटर बाटो स्तरोन्नति ठाटीकाँध गाउँपालिका वडा नं. २ | ५० लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ९ | पुलवजार मटेला बाहाकोट मदानताल सडक स्तरोन्नति ठाटीकाँध गाउँपालिका १ र ३ दैलेख | ३५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| १० | गाइधारा भेरीपातल मदानताल सडक निर्माण ठाटीकाँध गाउँपालिका वडा नं.३ | २० लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ११ | खर छाना मुक्त कार्यक्रम ठाटीकाँध ५ दैलेख | ५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| १२ | कर्णाली प्रदेश सरकारको सुत्करी पोषण कोशेली कार्यक्रम | ९ लाख ८३ हजार | कर्णाली प्रदेश सशर्त अनुदान |
| १३ | स्वास्थ्य स्वयमसेविकाहरुको प्रोत्साहन भत्ता | ५ लाख १० हजार | कर्णाली प्रदेश सशर्त अनुदान |
| मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरु | | | |
| १ | वाहाकोट स्वास्थ्य इकाई भवन निर्माण | १५ लाख | कर्णाली प्रदेश सशर्त |

| | | | |
|---|---|---|---|
| | योजना ठाटीकाँध गाउँपालिका वडा नं. ३ दैलेख | | अनुदान |
| २ | ज्यामिचौर बर्थिंग सेन्टर निर्माण योजना ठाटीकाँध गाउँपालिका वडा नं. ४ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ३ | भैरवस्थान बर्थिंग सेन्टर निर्माण योजना ठाटीकाँध गाउँपालिका वडा नं. १ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ४ | शुक्र आ वि फिल्ड तथा पर्खाल निर्माण योजना ठाटीकाँध गाउँपालिका वडा नं. २ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ५ | अधिकारी चौरदेखि तल्ला वाचपानी पर्यटन पदमार्ग निर्माण योजना ठाटीकाँध गाउँपालिका वडा नं. ५ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |
| ६ | सिल्किधारा देखि देउलेसिम गोरेटो बाटो निर्माण योजना ठाटीकाँध गाउँपालिका वडा नं. ६ दैलेख | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान |

२३. नेपाल सरकारको कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको लागि रु ८ करोड ५० लाख समावेश गरेको छु।

**सभाध्यक्ष महोदय ,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

२४. ठाटीकाँध गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि कुल बजेट मध्ये २३ करोड ३ लाख ८७ हजार ६ सय ६७ रुपैंया चालु तर्फ र पुँजिगत तर्फ १५ करोड ४३ लाख ७४ हजार गरी कुल ३८ करोड ४७ लाख ६१ हजार ६ सय ६७ रुपैयाको बजेट पेश गरेको छु। जसमध्ये चालु खर्च तर्फ ५९.८७ प्रतिशत र पुँजिगत तर्फ ४०.१२ प्रतिशत विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारको समानीकरण अनुदान बाट रु. ७ करोड ९५ लाख, सशर्त अनुदानबाट रू.१४ करोड २२ लाख, विशेष अनुदानबाट १ करोड २० लाख, समपुरक अनुदानबाट १ करोड १५ लाख र राजश्व बाँडफाँडबाट रू. ८ करोड ५० लाख ९९ हजार ९ सय ९९ रुपैंया मात्र गरी रू. ३३ करोड २ लाख ९९ हजार ९ सय ९९ रुपैंया मात्र व्यहोरिनेछ।

२५. त्यस्तै, कर्णाली प्रदेश सरकारको समानीकरण अनुदान तर्फबाट रू. ८५ लाख २० हजार, सशर्त अनुदानबाट रू. २ करोड ७० लाख ४३ हजार, विशेष अनुदानबाट ५० लाख, समपुरक अनुदानबाट रू. १ करोड र राजश्व बाँडफाँडबाट रू. ८ लाख ८ हजार ६ सय ६८ रूपैया गरी जम्मा रू. ५ करोड १३ लाख ७१ हजार ६ सय ६८ रूपैयाँ व्यहोरिनेछ।

२६. त्यस्तै, नेपाल सरकारको वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमबाट ८ करोड ५० लाख व्यहोरिनेछ।

२७. ठाटीकाँध गाउँपालिकाको आन्तरिक राजश्वबाट ३० लाख ९० हजार व्यहोरिनेछ।

२८. आर्थिक वर्ष २०७९।०८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०।०८१ को संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८१।०८२ को अनुमानित आय व्ययको विवरण अनुसुचिमा प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय ,**

अब म आगामी आर्थिक बर्ष २०८१।०८२ को राजस्व परिचालनको नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२९. कर प्रणालीलाई आर्थिक र सामाजिक न्यायका लागि उपयोग गर्ने नीति लिइनेछ। शिक्षा, स्वास्थ्य लगायतका आधारभुत सेवा सुविधामा लगानी वृद्धि एवम् नागरिकको पहुँच विस्तार गरी जीवनस्तरमा सुधार ल्याउन, पालिकाको पुर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन र नागरिक हित एवम् सामाजिक आर्थिक न्याय प्रत्याभुत गर्न राजश्व परिचालनलाई दिगो, भरपर्दो, व्यवस्थित र अनुमानयोग्य बनाउनु राजश्व नीतिको मुख्य उदेश्य हुनेछ। उपयुर्क्त उदेश्य हासिल गर्न देहाय बमोजिमको राजश्व नीति अवलम्बन गरिनेछ।

क) करको दायरालाई विस्तार गर्न अनौपचारिक रुपमा संचालनमा रहेका सबै प्रकारका ब्यवसायलाई दर्ता तथा अभिलेखिकरण गरी गाउँपालिकावाट प्रवाह हुने सेवासंग आवद्ध गरिने छ। साथै गाउँपालिका भित्र संचालनमा रहेका सम्पुर्ण उद्योग व्यवसायलाई औपचारिक रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुबिधा प्रदान गर्न कर संकलनका लागि घुम्ती शिविर संचालन गरिने छ।

ख) गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजस्व चुहावट नियन्त्रण प्रभावकारी वनाईनुका साथै मुल्याङ्कनमा आधारित सम्पत्ति कर घोषणाको नीति अवलम्वन गरिनेछ।

ग) गउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार गरी राजश्वका क्षेत्रहरु पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्न सोही कार्ययोजना लाई कार्यान्वयन गरी आन्तरिक राजश्व बृद्धि गर्न आवश्यक ऐन कानुन र नियमावली बनाईनेछ।

घ) कर तथा गैरकर सम्वन्धी ऐन तर्जुमा गरी राजश्व प्रणालीलाई सुदृढीकरण गरिने छ।

ङ) राजश्वका दायरालाइ फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्द्धनकारी क्षेत्रको पहिचान गरिनेछ।

च) ठाटीकाँध गाउँपालिकाको कर राजश्वको अभिलेख अद्यावधिक गरी राजश्व असुलीलाइ थप प्रभावकारी बनाइनेछ।

सभाध्यक्ष महोदय,

सम्मानित सभाका सदस्य ज्यूहरु

२९ प्रस्तुत वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समृद्ध ठाटीकाँध गाउँपालिका निर्माण गर्नमा सहयोग तथा सहकार्यका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ निकाय, गाउँपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

३० अन्त्यमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधी ज्यूहरु, विषयगत समितिका संयोजक एवम् सदस्य ज्यूहरु, नागरिक समाज, पत्रकार ज्यूहरु, विभिन्न विकास साझेदार निकाय तथा कर्मचारी मित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । बजेट तथा कार्यक्रमको तर्जुमा कार्यमा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद**

**देवीराम वडुवाल**

**गाउँपालिका उपाध्यक्ष**

**ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख**

**मिति २०८१।०३।१० गते सोमवार**